**आकाशवाणी समाचार- नेपाली**

मितिः २८ दिसम्बर २०२४

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

१. पूर्वप्रधानमन्त्री डा मनमोहन सिंहको अन्तिम संस्कार आज गरिने छ । उहाँको अन्तिम यात्रा नयाँ दिल्लीस्थित कांग्रेस मुख्यालयबाट बिहान ९:३० बजे सुरु भएर शवदाह गृह पुग्नेछ।
२. नेपालका प्रधानमन्त्री के.पी. शर्मा ओलीले भारतका पूर्वप्रधानमन्त्री डा मनमोहन सिंहको निधनमा शोक व्यक्त गर्नु भएको छ ।
३. भारतस्थित अमेरिकी दूतावास र वाणिज्य दूतावासले लगातार दोस्रो वर्ष १० लाखभन्दा बढी गैरआप्रवासी भिसा जारी गरेर नयाँ कीर्तिमान कायम गरेको छ|
४. भारत ऑस्ट्रेलियाबीच मेलबर्नमा बॉर्डर-गावस्कर ट्रॉफीको चौथो टेस्टको तेस्रो दिनको खेल जारी छ|
५. दिल्ली र राष्ट्रिय राजधानी क्षेत्र – एनसीआरमा हिजोदेखि परेको अविरल वर्षाका कारण वायुको गुणस्तरमा सुधार आएको छ ।

**मनमोहन- अन्त्येष्टि**

पूर्वप्रधानमन्त्री डा मनमोहन सिंहको अन्तिम संस्कार आज गरिने छ । उहाँको अन्तिम यात्रा नयाँ दिल्लीस्थित कांग्रेस मुख्यालयबाट बिहान ९:३० बजे सुरु भएर शवदाह गृह पुग्नेछ। डा. मनमोहन सिंहको राजकीय सम्मानका साथ अन्त्येष्टि गरिने भएको छ । आज बिहान उहाँको पार्थिव शरीरलाई उहाँको निवासबाट कांग्रेस कार्यालय लगिनेछ र त्यहाँ सर्वसाधारण र पार्टी कार्यकर्ताले अन्तिम श्रद्धाञ्जली अर्पण गर्नेछन् ।कांग्रेस कार्यसमिति - CWC ले आज डा. मनमोहन सिंहको निधनमा शोक प्रस्ताव पारित गरेको छ। पार्टीले डा सिंहको निधनमा शोक व्यक्त गर्दै उहाँको जीवन र कामले भारतको भाग्यलाई गहिरो आकार दिएको बताएको छ । उक्त प्रस्तावमा पूर्वप्रधानमन्त्रीको परिकल्पना अनुसार थप समृद्ध, अखण्ड भारत निर्माण गर्नका मूल्यमान्यतालाई कायम राख्ने प्रतिबद्धता व्यक्त गरिएको छ ।

************

**आकाशबाणी- अन्त्येष्टि प्रसारण**

पूर्वप्रधानमन्त्री डा मनमोहन सिंहको आज अन्तिम संस्कार गरिने भएको छ । आकाशबाणीको दिल्ली केन्द्रले बिहान ११ बजेदेखि एफ.एम. रेनबो, इंद्रप्रस्थ, आकाशवाणी लाइव न्यूज 24x7 चैनलमा अंतिम संस्कारको प्रत्यक्ष प्रसारण गर्नेछ। आकाशबाणीको सबै स्थानीय र प्राथमिक च्यानलहरूले पनि यसलाई प्रसारण गर्नेछन्|

**नेपालका प्रधानमन्त्री-पूर्वराष्ट्रपतिको शोक सन्देश**

नेपालका प्रधानमन्त्री के.पी. शर्मा ओलीले भारतका पूर्वप्रधानमन्त्री डा मनमोहन सिंहको निधनमा शोक व्यक्त गर्नु भएको छ । सामाजिक संजाल फेसबुकमा पोस्ट गर्दै श्री ओलीले नेपाल र भारतबीचको पारस्परिक हितका विषयमा डा सिंहसँगको कुराकानीको स्मरण गर्नु भयो ।नेपालका पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले भारतका पूर्वप्रधानमन्त्री डा मनमोहन सिंहको निधनप्रति दुःख व्यक्त गर्नुभएको छ । शोक सन्देशमा उहाँले नेपालले सच्चा मित्र गुमाएको बताउनु भएको छ । पूर्वराष्ट्रपति भण्डारीले डा. सिंहप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गर्नु भएको छ ।

************

**पीएम-मन की बात**

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि आकाशबाणीबाट प्रसारित हुने मन की बात कार्यक्रममा देश र विदेशका जनतासँग आफ्ना विचारहरू साझा गर्नु हुनेछ। यो मासिक रेडियो कार्यक्रमको ११७ औं शृङ्खला हुनेछ । मन की बात कार्यक्रमको प्रसारण आकाशवाणी अनि दूरदर्शनको सम्पूर्ण नेटवर्क, आकाशवाणी समाचार वेबसाइट अनि न्यूज़ ऑन ए.आइ.आर. मोबाइल ऐपमा

गरिनेछ।यस कार्यक्रमलाई आकाशवाणी समाचार, डी.डी. न्यूज़, पी.एम.ओ. अनि सूचना एवं प्रसारण मंत्रालयको आधिकारिक **यू-ट्यूब** चैनलहरुमा पनि सीधा प्रसारित गरिनेछ। हिंदी प्रसारणपछि आकाशवाणी क्षेत्रीय भाषाहरुमा पनि कार्यक्रमको प्रसारण गरिनेछ।

************

**गृह मन्त्रालय - स्मारक**

केन्द्रीय गृह मन्त्रालयले पूर्वप्रधानमन्त्री डा मनमोहन सिंहको स्मारकका लागि सरकारले ठाउँ उपलब्ध गराउने जनाएको छ । मन्त्रालयले विज्ञप्ति जारी गर्दै हिजो कांग्रेस सभापति मल्लिकार्जुन खर्गेबाट सरकारलाई यस सम्बन्धमा अनुरोध गरेको जनाएको छ । मन्त्रालयले भनेको छ, केन्द्रीय मन्त्रिपरिषद् बैठकको लगत्तैपछि गृहमन्त्री अमित शाहले श्री खर्गे र डा मनमोहन सिंहको परिवारलाई सरकारले स्मारकको लागि ठाउँ छुट्याउने बताएको छ।

************

**उपभोग खर्च सर्वेक्षण**

२०२२-२३ को तुलनामा २०२३-२४ मा प्रतिव्यक्ति मासिक खर्चमा बृद्धि भएको छ । यो वृद्धि ग्रामीण क्षेत्रमा नौ प्रतिशत र सहरी क्षेत्रमा करिब आठ प्रतिशतले बढेको छ । तथ्याङ्क तथा कार्यक्रम कार्यान्वयन मन्त्रालयले सार्वजनिक गरेको घरेलू उपभोग व्यय सर्वेक्षण २०२३-२४ अनुसार ग्रामीण क्षेत्रमा प्रतिव्यक्ति औसत मासिक खर्च ४ हजार १२२ रुपियाँ र सहरी क्षेत्रमा ६ हजार ९९६ रुपियाँ अनुमान गरिएको छ ।सर्वेक्षणमा साढे दुई लाख ६० हजारभन्दा बढी परिवार समावेश भएको हाम्रा संवाददाताले जानकारी दिएको छ । तथ्याङ्कअनुसार सहरी खपतको तुलनामा ग्रामीण उपभोग तीव्र गतिमा बढिरहेको छ । सहरी र ग्रामीण उपभोगबीचको खाडल निकै कम भएको छ । प्रतिव्यक्ति मासिक खर्चमा सहरी-ग्रामीण उपभोग अन्तर सन् २०११-१२ को ८४ प्रतिशतबाट २०२२-२३ मा ७१ प्रतिशतमा झरेको छ।सर्वेक्षणअनुसार प्रतिव्यक्ति मासिक खर्चमा गैर–खाद्य वस्तुको ठूलो हिस्सा रहेको छ । यो ग्रामीण क्षेत्रमा करिब ५३ प्रतिशत र सहरी क्षेत्रमा ६० प्रतिशत रहेको छ । सर्वेक्षणले ग्रामीण र सहरी परिवारहरूले खाद्य वस्तुहरूमा हुने खर्चमा पेयपदार्थ, खाजा र प्रशोधित खानाको पनि ठूलो हिस्सा रहेको बताएको छ।

************

**संयुक्त राज्य अमेरिका भिसा**

भारतस्थित अमेरिकी दूतावास र वाणिज्य दूतावासले लगातार दोस्रो वर्ष १० लाखभन्दा बढी गैरआप्रवासी भिसा जारी गरेर नयाँ कीर्तिमान कायम गरेका छन् । गैर-आप्रवासी भिसाको रेकर्ड संख्याले पर्यटन, व्यापार, शिक्षा, चिकित्सा उपचार र अन्य उद्देश्यका लागि अमेरिका जाने भारतीयहरूको ठूलो मागलाई रेखांकित गर्दछ। एक विज्ञप्तिमा अमेरिकी दूतावासले विगत चार वर्षमा भारतबाट आउनेको संख्या पाँच गुणाले बढेको र यस वर्षको पहिलो एघार महिनामा २० लाखभन्दा बढी भारतीयले अमेरिका भ्रमण गरेको बताएको छ । दूतावासले ३ लाखभन्दा बढी भारतीय विद्यार्थीलाई अहिलेसम्मकै सबैभन्दा ठूलो विद्यार्थी भिसा पनि जारी गरेको छ ।

************

**बिहार-B.P.S.C. परीक्षा**

बिहार लोक सेवा आयोग - B.P.S.C. ले भनेको छ, ७०औँ एकीकृत संयुक्त (प्रारम्भिक) प्रतिस्पर्धात्मक परीक्षा–२०२४ रद्द गरिने छैन । B.P.S.C. परीक्षा नियन्त्रक राजेशकुमार सिंहले पुनः परीक्षा २०२५ जनवरी ४ मा हुने पुष्टि गर्नु भएको छ। केही व्यक्तिहरुले सम्पूर्ण परीक्षा रद्द गर्न माग गर्दै आएको भएपनि यस विषयमा परीक्षा रद्द नगर्ने आयोगलाई धेरै इमेल पनि आएको उहाँले बताउनु भयो । यी उम्मेदवारहरूले निर्धारित समयतालिका अनुसार पुनः परीक्षा सञ्चालन गर्नुपर्ने बताइएको छ ।आन्दोलनरत उम्मेदवारको दाबीका सम्बन्धमा परीक्षा नियन्त्रकले यी व्यक्तिले आफूमाथि लागेको आरोपको कुनै ठोस प्रमाण नदिएको बताए । श्री राजेश सिंहले भन्नुभयो, परीक्षा निर्धारित समयमा हुनेछ र उम्मेदवारहरूले जनवरी 2, 2025 देखि आफ्नो प्रवेश पत्र डाउनलोड गर्न सक्छन्। बापु परीक्षा केन्द्रमा उपस्थित भएका उम्मेदवारलाई आयोगले पुनः परीक्षा दिने तयारी गरिरहेको श्री सिंहले बताए । मुख्य परीक्षा अप्रिल, 2025 मा हुनेछ। प्रारम्भिक परीक्षाको नतिजा जनवरी २०२५ को अन्तिम साता घोषणा हुने सम्भावना छ ।

************

**आवास योजना-मिति विस्तारित (मुम्बई मेट्रो)**

शहरी तथा औद्योगिक विकास निगम – सिडकोले आफ्नो लोकप्रिय 'माई प्रेफर्ड सिडको होम' आवास योजनाको दर्ताको म्याद थप गरेको छ। अनलाइन दर्ताको लागि अन्तिम म्याद अब जनवरी 10, 2025 सम्म विस्तार गरिएको छ। जुन पहिले 26

डिसेम्बर 2024 थियो। एक अधिकारीले बताए अनुसार विशेष रूपले आर्थिक रूपमा कमजोर वर्ग- ई.डब्ल्यू.एस. अनि निम्न आय समूह- एल.आई.जी. लाई यस बहुप्रतीक्षित किफायती आवास योजना अन्तर्गत घर सुरक्षित गर्ने अवसर प्रदान गर्नु हो।

************

**दक्षिण कोरिया - राजनीतिक स्थिति**

दक्षिण कोरियाका नवनियुक्त कार्यवाहक राष्ट्रपति चोई सांग-मोकले वर्तमान राजनीतिक उथलपुथलको बीचमा राज्यको मामिलामा स्थिरता ल्याउन सरकारले हरसम्भव प्रयास गर्ने बताउनुभएको छ । श्री चोईले उत्तर कोरियाबाट उक्साहट हुने सम्भावनालाई उद्धृत गर्दै सेनालाई उच्च सतर्कतामा रहन आग्रह गर्नु भयो। यसैबीच, दक्षिण कोरियाका व्यापार लबी समूहहरूले राजनीतिक उथलपुथलको बीचमा बढ्दो अनिश्चितताप्रति चिन्ता व्यक्त गरेका छन्। कोरिया चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्री र कोरिया इन्टरप्राइजेज फेडरेसनले राजनीतिज्ञहरूलाई अर्थतन्त्रमा महाभियोगको प्रभावलाई कम गर्न ध्यान केन्द्रित गर्न आह्वान गरेको छ।

************

**क्रिकेट - बीजीटी टेस्ट-दिन 3**

क्रिकेटमा, मेलबर्नमा जारी बॉर्डर-गावस्कर ट्रॉफीको चौथो टेस्टको तेस्रो दिन भारत ऑस्ट्रेलिया बिरुद्ध 244 रन बनाएर खेली रहेको छ।हिज ऑस्ट्रेलियाको पहिलो पारीको 474 रनको जवाबमा 153 रनमा 2 विकेट गुमाएर राम्रो स्थितिमा रहदा भारतीय पारी छ रनको अंतरालमा तीन विकेट गुमाउदा संकटमा परेको थियो।यस अघि घरेलु टोलिले पहिलो पारीमा 474 रन बनाएर ऑल आउट भएको थियो। स्टीवन स्मिथले आफ्नो टोलिका लागि 140 रन बनाए। भारतका लागि जसप्रीत बुमराहले चार विकेट लिए, जबकि रवींद्र जडेजाले तीन विकेट लिए।पांच मैचको सीरीज हाल 1-1 को बराबरीमा छ।

************

**किंग्स कप ब्याडमिन्टन**

किंग्स कप इन्टरनेशनल ब्याडमिन्टन ओपनमा भारतका ब्याडमिन्टन खेलाडी लक्ष्य सेनले चीनको सेन्जेनमा हङकङका एङ्गस एनजी का लङलाई पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेका छन् । १२औं वरियताका भारतीय खेलाडीले आफ्नो १७औँ वरियताका प्रतिद्वन्द्वीलाई १०-२१, २१-१३, २१-१३ ले हराए। यो जित लक्ष्य सेनको लङविरुद्ध चार खेलमा पहिलो जित हो। उनी तीन दिने किंग कप प्रतियोगितामा सहभागी आठ शीर्ष ब्याडमिन्टन खेलाडीमध्ये एक हुन्।

************

**ISL-फुटबल**

इन्डियन सुपर लिग - ISL फुटबलमा मोहमेडन स्पोर्टिङ क्लब र ओडिशा एफ.सी. बीच कोलकाताको किशोर भारती रंगशालामा भएको खेल गोलरहित बराबरीमा सकिएको हो । दुवै पक्षले अवसरलाई गोलमा परिणत गर्नमा संघर्ष गरे। ओडिशा F.C. खेलको अधिकांश समय वर्चस्व कायम राखेपनि लक्ष्यमा एक शट पनि पाउन सकेन भने मोहमेडन एस.सी. गोलमा दुई प्रहार गरे पनि सफल भएन ।अर्को खेल हैदरावादमा , पूर्वी बंगाल F.C. ले हैदरावाद एफसी बीच हुनेछ। दोस्रो खेल चेन्नई एफसी र बेंगलुरु एफ.सी. बीच चेन्नईको जवाहरलाल नेहरु स्टेडियममा खेलिनेछ ।

************

**दिल्ली प्रदूषण**

दिल्ली र राष्ट्रिय राजधानी क्षेत्र – एनसीआरमा हिजोदेखि परेको अविरल वर्षाका कारण वायुको गुणस्तरमा सुधार आएको छ । यसैलाई ध्यानमा राख्दै, ग्रेडेड रेस्पोन्स एक्सन प्लान-ग्रेप थ्री अन्तर्गत लगाइएको प्रतिबन्ध हटाइएको छ। वायु गुणस्तर व्यवस्थापन आयोग-CAQM ले अनुकूल मौसमका कारण दिल्लीको वायु गुणस्तर सूचकांकमा निरन्तर सुधार भइरहेको जनाएको छग्रेप-थ्री अन्तर्गत, बी.एस. तीनको पेट्रोल र बी.एस. पाँचजना डिजेल गाडी चलाउन रोक लगाइएको छ । तर निर्माण र भत्काउने जस्ता गतिविधिमा प्रतिबन्ध जारी रहनेछ।

************

**मौसम**

**राष्ट्रीय राजधानी दिल्ली अनि छेउ-छावको विभिन्न भागहरुमा हल्का देखि मध्यम वर्षा भयो , जसको कारण तापमानमा कमि आएको छ अनि ठण्डा अझ बढेको छ ।** मौसम विभागले आज मध्य प्रदेशमा तूफान सितै असिना पर्ने संभावना व्यक्त गरेको छ । विभागका अनुसार आज हिमाचल प्रदेश, उत्तराखंड, पंजाब, हरियाणा, चंडीगढ़, दिल्ली, उत्तर प्रदेश अनि

राजस्थानमा हल्का वर्षा हुने आशंका छ। आज विदर्भ, महाराष्ट्र, मराठावाड़ा अनि गुजरातमा पनि यस्तै स्थिति रहनेछ। विभागले अझ बताए अनुसार , आगामी 2 देखि 3 दिन सम्म पंजाब, हरियाणा, चंडीगढ़ अनि झारखंडमा राती अनि बिहानीको समय बाक्लो कुहिरो लाग्ने छ। असम, मेघालय, नागालैंड, मणिपुर, मिजोरम अनि त्रिपुरामा पनि कुहिरो लाग्ने अनुमान व्यक्त गरेको छ।

************